पाँचौं नेपाल प्रिन्टप्याक तथा प्लास्टटेक अन्तर्राष्ट्रिय प्रदर्शनी हुने

पौष ५ देखी ७ गते सम्म भृकुटीमण्डप, काठमाडौं

■ आर्थिक संवाददाता
काठमाडौं, पुस २

पाँचौं नेपाल प्रिन्टप्याक अन्तर्राष्ट्रिय प्रदर्शनी तथा पाँचौं नेपाल प्लास्टटेक अन्तर्राष्ट्रिय प्रदर्शनी हुने भएको छ । मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्टस् प्रालिको संयुक्त आयोजनामा यही पुस ५ देखि ७ गतेसम्म राजधानीको भृकुटीमण्डप सो प्रदर्शनी हुन लागेको हो ।

प्रदर्शनीमा स्वदेशी तथा विदेशी कम्पनीहरुका एक सयभन्दा बढी स्टलहरु रहने जनाइएको छ । प्रदर्शनीले नेपालभर रहेका प्लास्टिक, पेपर, प्रिन्टिङ, प्याकेजिङ र प्रोसेसिङसँग सम्बन्धित व्यवसायीहरुलाई एकै ठाउँ ल्याएर व्यापार साझेदारी, नवीनतम् प्रविधि प्रदर्शन र संवाद गर्न साझा मञ्च प्रदान गर्नेछ । प्रदर्शनीमा देशभरबाट बढीभन्दा बढी उद्यमी, अनुसन्धानकर्ता, संघसंस्थाका प्रतिनिधिहरुले आधुनिक प्रविधिहरुको अनुशरण गर्ने र जिज्ञासा मेटाउने अवसर पाउने आयोजकको विश्वास छ ।

साथै, प्रदर्शनीमार्फत विभिन्न विधामा सञ्चालन भएका उद्योग र व्यापार व्यवसायलाई निर्यातका नयाँ अवसरहरु खुल्ने तथा नवीनतम प्रविधिसँग साक्षात्कार गराउन सहयोग मिल्ने आयोजकको अपेक्षा छ । प्रदर्शनीको सहआयोजक नेपाल मुद्रण उद्योग महासंघ रहेको छ भने सहयोगी संस्थाको रुपमा नेपाल कोरोगेटेड बक्स उत्पादक संघ रहेको छ । प्रदर्शनीमा प्लास्टिक प्रोसेसिङ मेसिनरीका उत्पादकहरु, स्क्रिन प्रिन्टिङ, इन्डक्सन मोल्डिङ मसिन, प्रिन्टिङ मसिन, टेप, प्लास्टिक हिटर, अफिस स्टेसनरी मेसिनरी, प्रिन्टिङ स्पेर पार्टस, पेपर मसिनरी, पेपर कप मसिनरी, सबै खालका कागज र स्पेर पार्टस, प्याकेजिङ मसिनरी, लेबल उत्पादक, कोरुगेटेड बक्स उत्पादकलगायतका संस्थाहरुको सहभागिता रहने छ ।

ल्याब परीक्षण नै नगरी सेटिङमा खाद्यान्नको आयात

■ शंकर लुइंटेल
विराटनगर, पुस २

सस्तोका नाममा उपभोक्ताहरुले विराटनगर भन्सारबाट जाँचपास नगरी गैरभन्सार हुँदै भित्र्याउने गरेको खाद्यान्नको प्रयोग व्यापकरुपले बढेको पाइएको छ । ल्याब परीक्षण नै नगरी सेटिङमा भित्रिएको खाद्यान्नको प्रयोगले ठूलो महामारी निम्तन सक्नेतर्फ सरोकारवालाले सचेत गराएका छन् ।

उपभोक्ताले सिर्दै प्रयोग गर्ने चामल, दाल, गहुँ, गेडागुडी, दलिया, मकै, तोरी, सुक्खा फलफूल काजु, बदामलगायतका वस्तुको आम उपभोक्ताले सस्तोका नाममा भारतीय बजार जोगबनीबाट खरिद गरी खाद्य परीक्षण नै नगरी सोझै प्रयोग गर्ने गरेका छन् । साथै, स्थानीय व्यवसायीले पनि बढी मुनाफा कमाउनका लागि गैरभन्सार प्रयोग गरी नेपाल भित्र्याउने गरेका खाद्य वस्तुले उपभोक्ताको स्वास्थ्यमाथि असर पुग्ने खतरा रहेको विज्ञहरुको बताएका छन् । भारत वा तेस्रो मुलुकबाट भित्रिने जुनसुकै खाद्यवस्तु वैध तरिकाले भित्रिँदा खानयोग्य छ कि छैन भनी परीक्षण गर्नुपर्छ । परीक्षणमा सरकारले तोकेको मापदण्ड पूरा भएर भन्सार कार्यालयमार्फत भित्रिनुपर्नेमा केही समयदेखि सस्तोका नाममा उपभोक्ता र सेटिङका व्यवसायीले सोझै विराटनगर बजारमा खाद्य वस्तुको क्वारेन्टिन जाँच पनि नगरी रातारात नेपाल आउने क्रम बढेको छ ।

सरकारले खानयोग्य वस्तु मात्रै भित्रियोस् भन्ने उद्देश्यले खाद्य गुणस्तरका लागि विराटनगर रानी नाकामा रहेको पुरानो भन्सार कार्यालयमा प्रमाणीकरण कार्यालय स्थापना गरेको छ । भन्सार नजिकै रहेको खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयले ती वस्तुको ल्याबटेस्ट गर्ने भनिए पनि त्यस्ता वस्तु त्यहाँ जाँच नभई डुबेदेखि तीन घण्टाको फरकमा ल्याब रिपोर्ट दिने र सिधै उपभोक्ताको भान्सामा पुग्ने गरेको स्रोतले बताएको छ । कुनै पनि खाद्य वस्तु खानयोग्य छ कि छैन भनी गुणस्तर जाँच हुन्छ । खानयोग्य मापदण्डमा भए मात्रै भित्रिन्छ । अन्य तयारी खाद्यवस्तु चाउचाउ, चकलेट, बिस्कुटलगायत परीक्षण भए पनि खाद्यान्नको गुणस्तर परीक्षण नै नभई सोझै भित्रिनेगरेको छ ।

भन्सार विभागले जारी गरेको एकद्वार प्रणालीअन्तर्गतको सिस्टममा अनलाइनमार्फत के-कस्तो वस्तु हो ? त्यसको अवस्था हेरेर परीक्षणका लागि पठाउने गरेको छ । तयारी खाद्यवस्तु खाद्य प्रमाणीकरण कार्यालय, पशुजन्य खाद्य वस्तु पशु क्वारेन्टिन कार्यालय र कृषिजन्य खाद्यवस्तु प्लान्ट क्वारेन्टिन कार्यालयबाट परीक्षण भई स्वीकृति गरेमा मात्रै भन्सार जाँचपासको प्रक्रिया अगाडि बढ्छ ।

तर उपभोक्ताले सिर्दै प्रयोग गर्ने केही वस्तु चामल, दाल, गेडागुडी, मकै, तोरी, चिया, फलफुललगायतका वस्तु खाद्य गुणस्तरका लागि स्थापना भएको कार्यालयमा परीक्षण नै नभई सोझै व्यवसायी र सुरक्षा निकायसँग सेटिङ गरी धमाधम विराटनगर बजार आउने क्रम व्यापक बढेको स्रोतले जनाएको छ । गुणस्तरहीन खाद्यान्न पनि सहजै नेपाल भित्रिएर उपभोक्ताले प्रयोग गरिरहँदा समेत सरोकारवाला निकाय किन मौन रहेको छ ? भन्ने जटिल प्रश्न अहिले उठ्न थालेको छ ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०९/०३ गते

यस माछापुच्छे बैंक लि. पाल्पा शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैँतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो बिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारबाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

तपसिल

ऋणीको नाम, ठेगाना	
१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय पाल्पा, तानसेनमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको होटल गौरी शंकर । प्रा.फ.र.नं. ४६२८/०७२, दर्ता मिति : २०७२/१०/१३, पान नं. ३०१३५४२८८, दर्ता मिति : २०६०/०६/१४ ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ४, शिलखानटोल, **प्रोप्राइटर : राजु महर्जन**	
२. प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय पाल्पा, तानसेनमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **गौरी शंकर अटोमोबाईल्स** । प्रा.फ.र.नं. ३९३४/०७५/०७६, दर्ता मिति : २०७५/०९/१८, पान नं. ३०१३५४२८८, दर्ता मिति : २०६०/०६/१४ ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ४, शिलखानटोल, **प्रोप्राइटर : राजु महर्जन**	
३. राजु महर्जन ना.प्र.नं. २४३ लुपा २५४६३, जि.प्र.का. पाल्पा जारी मिति : २०४४/११/२६ बाबु : गणेश मान महर्जन, बाजे : बुद्धिमान महर्जन ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ३ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ४	४. अनु महर्जन ना.प्र.नं. २/५३३९, जि.प्र.का. पाल्पा जारी मिति : २०६३/०६/०३ पति : राजु महर्जन, ससुरा : गणेशमान महर्जन ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. २ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ४
व्यक्तिगत जमानतकर्ताहरु	
१. राजु महर्जन ना.प्र.नं. २४३ लुपा २५४६३, जि.प्र.का. पाल्पा जारी मिति : २०४४/११/२६ बाबु : गणेश मान महर्जन, बाजे : बुद्धिमान महर्जन ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ३ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ४	२. अनु महर्जन ना.प्र.नं. २/५३३९, जि.प्र.का. पाल्पा जारी मिति : २०६३/०६/०३ पति : राजु महर्जन, ससुरा : गणेशमान महर्जन ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. २ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ४
३. पुर्णमाया महर्जन ना.प्र.नं. ३९०१७८/०११२३, जि.प्र.का. पाल्पा, जारी मिति : २०७५/०२/१५ पति : गणेश मान महर्जन, ससुरा : बुद्धिमान मान महर्जन ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ६, हाल : पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ४	
धितोमा रहेको सम्पत्तिको विवरण	
१. बुद्धिमान महर्जनको नाति, गणेश मान महर्जनको छोरा, पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ३ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ४ बस्ने राजु महर्जनको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम भएको पाल्पा जिल्ला, तानसेन गा.वि.स./न.पा. बडा नं. ३ स्थित कि.नं. ६३३, ६४२, ६३४, ७७८, ७७३, ७७५, ६२७, ६४०, ६३८, ७६७, ११७५ र ११७६ को क्षेत्रफल ०-०-३-१ (रो.आ.पै.दा.), ०-४-२-१ (रो.आ.पै.दा.), ०-०-३-० (रो.आ.पै.दा.), ०-५-३-३ (रो.आ.पै.दा.), ०-०-१-० (रो.आ.पै.दा.), ०-०-०-३ (रो.आ.पै.दा.), ०-१-१-३ (रो.आ.पै.दा.), ०-१-०-० (रो.आ.पै.दा.), ०-३-०-० (रो.आ.पै.दा.), ०-०-०-३ (रो.आ.पै.दा.), ०-१-३-२ (रो.आ.पै.दा.) र ०-०-३-२ (रो.आ.पै.दा.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत । २. बुद्धिमान मान महर्जनको बुहारी, गणेश मान महर्जनको पत्नि, पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ६ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, तानसेन न.पा. बडा नं. ४ बस्ने पुर्णमाया महर्जनको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम भएको पाल्पा जिल्ला, तानसेन गा.वि.स./न.पा. बडा नं. ४ स्थित कि.नं. ४६९ को क्षेत्रफल ०-५-०-३ (रो.आ.पै.दा.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत । (उल्लेखित सम्पति ऋणी गौरी शंकर अटोमोबाईल्स, होटल गौरी शंकर, राजु महर्जन, अनु महर्जनको नाममा धितोबन्धक पारीत भएको) ३. ऋणी गौरी शंकर अटोमोबाईल्स र होटल गौरी शंकरले बैकलाई लेखिदिएको मौज्दात तथा चल सम्पतिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।	

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं बिस्तारित
शाखा कार्यालय, पाल्पा

लिलाम बिक्री सम्बन्धी पुनः १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०९/०३ गते

यस महालक्ष्मी विकास बैंक लि. तपसिलमा उल्लेखित तपाई ऋणीले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नभएकोले **मिति २०७८/१०/१२ गते अन्तर्पर्ण पोस्ट् राष्ट्रिय दैनिकमा** ऋण कर्जा चुक्ता भुक्तान गर्न बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी तपाईं ऋणीहरु, व्यक्तिगत जमानीहरुसमेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, ब्याज समेत चुक्ता भुक्तानी गर्न तर्फ कुनै चासो नदेखाएकोले सरहाप बापत बैंकको नामका धितोबन्धक लेखिदिएको वा धितो रहेको तपसिलमा उल्लेखित धितो तथा अचल सम्पत्ती समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिकीका लागि **मिति २०८०/०९/३१ गते नयाँ पत्रिका दैनिक** पत्रिकामा १५ दिने लिलाम सूचना प्रकाशित गरिएकोमा कर्जा असुल उपर नभएको कारण **पुनः १५ दिने धितो लिलामीको यो सूचना प्रकाशित भएको** मितिले १६औं दिनमा लिलाम बिकी गरिने भाएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ दिने लिलाम बिकी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ । सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । साथै यस सूचना बमोजिम धितो लिलाम बिकी हुन नसकेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ४७ एवं बैंकको कर्जा असुली तथा धितो गैह बैंकिङ सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल

थापाथली शाखा :

१) **ऋणी : सजना राजकर्णिकार (ना.प्र.नं. : १४५६३, जारी मिति : २०५९/१०/०३, ललितपुर)**
ठेगाना : जिल्ला ललितपुर, ल.म.न.पा. वडा नं. १८
ससुरा : ओज बहादुर थापा, पति : तेज विक्रम थापा, बाबु : तुलसिमान राजकर्णिकार

२) **ऋणी : अन्नपूर्ण फर्टिलाइजर प्रा.लि. (प्रो. सजना राजकर्णिकार, ना.प्र.नं. : १४५६३, जारी मिति : २०५९/१०/०३, ललितपुर)**
फर्म दर्ता नं. : २०२९१८/०७५/०७६, दर्ता मिति : २०७५/७/२० (कम्पनी रजिष्ट्रार कार्यालय, विपुरेश्वर, काठमाण्डौ)
पान नं. : ६०६५४९१८१
फर्मको ठेगाना : जिल्ला ललितपुर, ल.म.न.पा. वडा नं. १४, सातदोबाटो

व्यक्तिगत जमानीकर्ताहरु :
क) तेज विक्रम थापा, बाबु : ओज बहादुर थापा, बाजे : रण बहादुर थापा
ठेगाना : जिल्ला तनहुं, तनहुंसर बडा नं. ७
ख) सजना राजकर्णिकार, ससुरा : ओज बहादुर थापा, पति : तेज विक्रम थापा, बाबु : तुलसिमान राजकर्णिकार
ठेगाना : जिल्ला ललितपुर, ल.म.न.पा. वडा नं. १८

कर्जा शिर्षक : महालक्ष्मी होम इक्विटि कर्जा, घर कर्जा, उद्योग कर्जा (ओ.डि र टर्म)

धितो सुरक्षणको विवरण :
(क) श्री ओज बहादुर थापाको बुहारी, श्री तेज विक्रम थापाको पत्नी, जिल्ला ललितपुर, ल.म.न.पा. वडा नं. १८ बस्ने श्री सजना राजकर्णिकारको नाममा मालपोत कार्यालय लगनखेल ललितपुरमा दर्ता कायम रहेको जिल्ला ललितपुर, ललितपुर उ.म.न.पा. ५ट स्थित किता नं. ४७८ को क्षेत्रफल ०-५-०-० रहेको घरजग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।
(ख) श्री ओज बहादुर थापाको बुहारी, श्री तेज विक्रम थापाको पत्नी, जिल्ला ललितपुर, ल.म.न.पा. वडा नं. १८ बस्ने श्री सजना राजकर्णिकारको नाममा मालपोत कार्यालय चाबहिलमा दर्ता कायम रहेको जिल्ला, काठमाडौं, जोरपाटी वडा नं. ५ स्थित किता नं. १६७ को क्षे.फ. ०-४-०-१ रहेको घरजग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।
(ग) श्री ओज बहादुर थापाको बुहारी, श्री तेज विक्रम थापाको पत्नी, जिल्ला ललितपुर, ल.म.न.पा. वडा नं. १८ बस्ने श्री सजना राजकर्णिकारको नाममा मालपोत कार्यालय लगनखेल ललितपुरमा दर्ता कायम रहेको जिल्ला ललितपुर, ल.उ.म.न.पा. वडा नं. ४ख को किता नं. १३५९ को क्षेत्रफल ०-४-०-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :
१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ ।
३. बोलपत्र स्विकृतवालाले बैकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । अन्यथा धरौटी जफत हुने छ ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्होर्नु पर्नेछ ।
५. कारणबस सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन ।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरीने छैन ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/०९/१७ गते बुधबार (कार्यालय समय भित्र)
खोलिने मिति : २०८१/०९/१८ गते बिहीबार, दिनको २ बजे
खोलिने स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालय

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१-४३६८१४३, ४३६८७१९
कर्जा असुली विभाग दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१-५९१९२१९, ५९१९५१९/२०
सबल बैंक, सफल ग्राहकार्ज
www.mahalaxmibank.com

नेपाल हाते कागज उद्यमी संघको अध्यक्षमा डिग्मा शेर्पा



■ आर्थिक संवाददाता
काठमाडौं, पुस २

नेपाल हाते कागज उद्यमी संघले आगामी दुई वर्षका लागि डिग्मा शेर्पाको अध्यक्षतामा ९६ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । संघको राजधानीमा सम्पन्न दोश्रो वार्षिक साधारणसभा तथा अधिवेशनले शेर्पाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । संघको वरिष्ठ उपाध्यक्षमा लालहरी श्रेष्ठ, उपाध्यक्षमा टोनिसा खुलाल मगर, सचिवमा सञ्जय गौतम, कोषाध्यक्षमा पस प्रसाद घिताल निर्वाचित भएका छन् । यस्तै, सदस्यहरुमा पाण्डव ढुंगेल, राधाकृष्ण थापा, डेवु गुरुङ, पहल सेर पाण्डे, यादव सिग्देल, देशबहादुर थामी, लाक्पा शेर्पा, विष्णु नारायण धामी, सनत कुमार कार्की, घनश्याम मिश्र र तारा श्रेष्ठ रहेका छन् । अधिवेशन उद्घाटन समारोहमा संघको अभिभावक संस्था नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष उमेशप्रसाद सिंह, निवर्तमान अध्यक्ष श्याम गिरी, वरिष्ठ उपाध्यक्ष सूर्य कँडेल, उपाध्यक्ष मोहन कटुवाललगायतले अर्थतन्त्रमा हाते कागजको भूमिका र योगदानको विषयमा चर्चा गरेका थिए ।

काठमाडौं, मोरङ, सुनसरी, संखुवासभा, इलाम, भोजपुर, दोलखा, सिन्धुपाल्चोक, बाग्लुङ, कास्की, रुकुम, जाजरकोटलगायतका जिल्लामा हाते कागज उद्योगहरु सञ्चालनमा रहेको नेपाल हाते कागज उद्यमी संघले जनाएको छ । हाल देशभर चार सयभन्दा बढी उद्योगहरु रहेका छन् । तिनीहरुले चार लाखभन्दा बढी मानिसहरुलाई रोजगार दिएको रोजगारी दिएको संघका निवर्तमान अध्यक्ष नरेन्द्र साउथले बताए । हाते कागज उद्यमीहरुको हकहित संरक्षण, सम्बर्द्धन र व्यावसायिक समृद्धिका लागि संगठित गर्दै २०७४ सालमा नरेन्द्र साउदको अध्यक्षतामा हाते कागज उद्यमी संघको स्थापना भएको भएको थियो ।

खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना!!!

सूचना प्रकाशन मितिः २०८१/०५/०३

यस कार्यालयले विभिन्न मितिमा तपसिलको बोलपत्र आह्वान गरिएकोमा नियमानुसार पर्न आएका बोलपत्रहरुमध्ये तपसिलको बोलपत्रदाताको बोलपत्रलाई न्युनतम मुल्यांकित सारभूत रूपमा प्रवाभग्राही बोलपत्रको रूपमा छनोट गर्ने आशयका साथ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.स.	ठेक्का नं.	ठेक्काको विवरण	निर्माण व्यवसायीको नाम र ठेगाना	कबोल अंक
१०	KRM–NCB–WORKS–01–081–082	Upgrading of Dhule–Mahankal–Chirankhu Sadak Khandadevi–08	आइ.के.डी. निर्माण सेवा गोकर्णेश्वर-०५,काठमाडौं	रू. ९३,५०,९०२।८२ (VAT र PS सहित)
२०	KRM–NCB–GOODS–01–081–082	Aadharbhut tatha Aakasmik Swasthya Sewako Lagi Aushadhi Kharid -Shasarta Anudan_ Atyabashyak Aushadhi Kharid.	हिमालयन मेडिसिन डिस्ट्रिब्युटर्स, ललितपुर, नेपाल	रू. १८,५५,२४७।०० (VAT बाहेक)

प्रमुख प्रशासकीय अधिकृत

आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । *अध्यक्ष* : प्रहलाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । *कार्यालय* : कुपण्डोल, ललितपुर । *फोन* : ०१-५९०२१३६, *फ्याक्स* : ०१-५९०२१३९ e-mail : aarthik .dainik@gmail .com । *सम्पादक* : रामप्रसाद पुडासैनी